# दैनिक तरलता सुविधा सम्बन्धी कार्यविधि, २०७६ (प्रथम संशोधन, २०७८)

नेपाल राष्ट्र बैंक,

भुक्तानी प्रणाली विभाग

२०७८, साउन

# दैनिक तरलता सुविधा सम्बन्धी कार्यविधि, २०७६ (प्रथम संशोधन, २०७८)

## प्रस्तावना

नेपाल राष्ट्र बैंकबाट सञ्चालन भएको Real Time Gross Settlement System (RTGS) द्वारा कारोबार फछ्र्यौट हुने क्रममा RTGS Settlement Account मा मौज्दात अपुग भई तत्काल भुक्तानी हुन नसक्ने अवस्था आएमा सदस्य बैंक तथा वित्तीय संस्थाहरुलाई तत्काल आवश्यक पर्ने तरलता उपलब्ध गराउने उद्देश्यले दैनिक तरलता सुविधा (Intraday Liquidity Facility-ILF) प्रदान गर्ने व्यवस्था गर्न आवश्यक देखिएकोले नेपाल राष्ट्र बैंक ऐन, २०५८ (दोस्रो संशोधन, २०७३) को दफा ११०(३) ले दिएको अधिकार प्रयोग गरी यो कार्यविधि तयार गरिएको छ।

## परिच्छेद-१

### प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ**

(क) यो कार्यविधिको नाम "दैनिक तरलता सुविधा सम्बन्धी कार्यविधि, २०७६ (प्रथम संशोधन, २०७८)" रहेको छ।

(ख) यो कार्यविधि गभर्नरबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ।

**२. परिभाषाः**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "बैंक" भन्नाले नेपाल राष्ट्र बैंक सम्झनु पर्छ।

(ख) "गभर्नर" भन्नाले नेपाल राष्ट्र बैंकको गभर्नर सम्झनु पर्छ।

(ग) "विभाग" भन्नाले भुक्तानी प्रणाली विभाग सम्झनु पर्छ।

(घ) "विभागीय प्रमुख" भन्नाले विभागको प्रमुखको रुपमा कामकाज गर्नेगरी जिम्मेवारी तोकिएका बैंकका कार्यकारी निर्देशक सम्झनु पर्छ।

(ङ) "संस्था" भन्नाले नेपाल राष्ट्र बैंकबाट सञ्चालित RTGS प्रणालीमा सहभागी दैनिक तरलता सुविधा उपयोग गर्न पाउने इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्थाहरु सम्झनु पर्दछ।

(च) "सुरक्षण पत्र" भन्नाले नेपाल राष्ट्र बैंक खुला बजार कारोबार विनियमावली, २०७१ को विनियम २० मा तोकिएबमोजिमका सरकारी ऋणपत्रहरु (ट्रेजरी बिल, विकास ऋणपत्र), नेपाल राष्ट्र बैंक ऋणपत्र र बैंकद्वारा निर्धारित अन्य सुरक्षणपत्र सम्झनु पदर्छ।

(छ) "कार्यालय" भन्नाले नेपाल राष्ट्र बैंक, प्रदेशस्थित कार्यालयहरु सम्झनु पर्दछ।

(ज) "दैनिक तरलता सुविधा" भन्नाले वास्तविक समयमा बैंक तथा वित्तीय संस्थाहरुको कारोबार फछ्र्यौट प्रक्रियालाई सहज बनाउन बैंकबाट तत्काल आवश्यक पर्ने तरलता उपलव्ध गराइने सुविधा सम्झनु पर्छ।

(झ) Real Time Gross Settlement (RTGS) System भन्नाले भुक्तानी तथा फछ्र्यौट ऐन, २०७५ को दफा २(ख) बमोजिमको प्रणाली सम्झनु पर्छ ।

(ञ) "धितो व्यवस्थापन खाता" भन्नाले RTGS System मा वास्तविक समयमा संस्थाहरुको कारोबार फछ्र्यौट प्रक्रियालाई सहज बनाउने उद्देश्यले सहभागी संस्थाको स्वामित्वमा रहेको ग्राह्य सुरक्षणपत्र धितो लिई सोको आधारमा संस्थाको नाममा बैंकमा खोलिने स्वीकृत सुविधा सीमा सहितको खाता सम्झनु पर्छ ।

# परिच्छेद-२

## दैनिक तरलता सुविधासम्बन्धी व्यवस्था

### ३. दैनिक तरलता सुविधा उपयोग गर्न निवेदन दिनुपर्ने

(क) यस बैंकबाट सञ्चालित RTGS प्रणालीमा सहभागी संस्थाले मात्र दैनिक तरलता सुविधा उपयोग गर्न पाउने छन् ।

(ख) दैनिक तरलता सुविधा उपयोग गर्नका लागि सम्बन्धित संस्थाले कम्तीमा दुईजना आधिकारिक व्यक्तिको दस्तखत र संस्थाको छाप लागेको निवेदन विभागमा पेश गर्नुपर्नेछ । निवेदनको ढाँचा अनुसूची १ मा उल्लेख भएबमोजिम हुनेछ ।

(ग) दैनिक तरलता सुविधा उपयोग गर्नका लागि सम्बन्धित संस्थाले यस बैंकको राष्ट्र ऋण व्यवस्थापन विभागसँग दैनिक तरलता सुविधा सम्बन्धी सम्झौता गर्नुपर्ने छ । सम्झौताको ढाँचा अनुसूची-२ मा उल्लेख भएबमोजिम हुनेछ ।

(घ) दैनिक तरलता सुविधा रकम सीमालाई बैंकको धितो व्यवस्थापन खातामा जम्मा गर्ने प्रयोजनका लागि धितो व्यवस्थापन खाता खोल्न यस बैंकको बैंकिङ्ग विभागमा निवेदन दिनुपर्नेछ । निवेदनको ढाँचा अनुसूची-३ मा उल्लेख भएबमोजिम हुनेछ । सोही आधारमा बैंकिङ्ग विभागले प्रचलित लेखा निर्देशिका तथा बैंकिङ्ग कार्य निर्देशिका बमोजिम निवेदक संस्थाको नाममा खाता खोली खाता नम्बर प्रदान गर्नेछ ।

(ङ) संस्थाले उपयोग गर्न पाउने दैनिक तरलता सुविधा वापतको अधिकतम ऋण सापटी परिच्छेद-४ बुँदा नं. ६(क)को सीमा ननाघ्ने गरी धितो राखिएका सुरक्षणपत्रको मुल्यांकनको आधारमा कायम गरिनेछ ।

(च) दैनिक तरलता सुविधा वापत संस्थाले उपयोग गर्नसक्ने अधिकतम सुविधा सीमा र अवधिको लागि संस्थाले राष्ट्र ऋण व्यवस्थापन विभागसँग भएको सम्झौता र बैंकिङ्ग विभागबाट खोलिएको खाताको विवरण तथा धितो राखिने सुरक्षणपत्रको सक्कलै प्रति (ब्याज पुर्जा भएका सुरक्षणपत्रको हकमा सो समेत) सहित अनुसूची-४ बमोजिमको निवेदन राष्ट्र ऋण व्यवस्थापन विभागमा दिनुपर्नेछ । सोको आधारमा पेश भएका सुरक्षणपत्रहरु रोक्का राखी राष्ट्र ऋण व्यवस्थापन विभागले धितो व्यवस्थापन खातामा सुविधा रकमको सीमा र अवधि निर्धारण गरी GL प्रणालीमा प्रविष्ट गर्नेछ ।

(छ) प्राप्त सुरक्षणपत्रको आधारमा धितो व्यवस्थापन खातामा रकम मौज्दात कायम भएपश्चात् दैनिक तरलता सुविधा उपयोग गर्न सकिनेछ र सो कारोबारको हिसाब फरफारक सोही दिनको तोकिएको समयभित्र गरिनेछ ।

(ज) कुनै पनि कारोबार दिनमा दैनिक तरलता सुविधा उपयोग गर्ने/नगर्ने निर्णय सोही दिनको कारोबारमा हुने भुक्तानी फछ्र्यौटको आवश्यकताको आधारमा हुनेछ ।

# परिच्छेद-३

## धितोसम्बन्धी व्यवस्था

**४. सुरक्षणको रुपमा धितो राख्नुपर्ने व्यवस्था तथा धितो सुरक्षण परिवर्तन सम्बन्धि व्यवस्था**

(क) दैनिक तरलता सुविधा उपयोग गर्नका लागि तोकिएको सुरक्षणपत्र धितो राख्नुपर्नेछ । धितो राखिने सुरक्षणपत्रको सक्कलै प्रति (ब्याज भुक्तानी पुर्जा संलग्न भएका सुरक्षण पत्रको हकमा ब्याज भुक्तानी पुर्जा समेत) राष्ट्र ऋण व्यवस्थापन विभागमा पेश गर्नुपर्नेछ र त्यस्ता सुरक्षण पत्रहरुको परिपक्व हुने ( भुक्तानी हुने) अवधि रोक्का अवधिभन्दा अगाडि हुने छैन । यसरी धितो रहेका सुरक्षणपत्रहरु खुलाबजार तथा तरलता व्यवस्थापन कारोबार, अन्तरबैंक सापटी लगायत अन्य कुनै पनि प्रयोजनमा दोहोरो धितोको रुपमा एकैसाथ प्रयोग गर्न वा बिक्री गर्न पाइने छैन ।

(ख) सुविधाको तोकिएको सीमा ननाघ्ने गरी धितो राखिएको सुरक्षणपत्रको अधिकतम ९० प्रतिशत रकम उपयोग गर्न पाइने छ ।

(ग) धितो व्यवस्थापन खाताको मौज्दात RTGS कारोबार फरफारकबाहेक अन्य प्रयोजनका लागि प्रयोग गर्न पाईने छैन ।

(घ) दैनिक तरलता सुविधा वापत धितो राखिएका सुरक्षणपत्र राष्ट्र ऋण व्यवस्थापन विभागको सहमतिमा परिवर्तन वा थपघट गर्न सकिने छ र सोहीअनुसार दैनिक तरलता सुविधाको नयाँ सीमा कायम हुनेछ । धितो राखिएका सुरक्षणपत्रको परिपक्व अवधि सम्बन्धी जानकारी गराउने दायित्व संस्था स्वयंको हुनेछ ।

(ङ) दैनिक तरलता सुविधाको सीमा वृद्धि गर्नु परेमा थप सुरक्षणपत्रको सक्कलै प्रति (ब्याज भुक्तानी पुर्जा संलग्न भएका सुरक्षण पत्रको हकमा ब्याज भुक्तानी पुर्जा समेत) राष्ट्र ऋण व्यवस्थापन विभागमा पेश गर्नुपर्नेछ र सोहीबमोजिम पुनः नयाँ सीमा कायम गरिने छ । उपत्यका बाहिरका संस्थाले धितो राख्नुपर्ने सुरक्षण पत्रहरुको सक्कलै प्रति यस बैंकको नजिकको कार्यालयमा पेश गर्नुपर्नेछ । सोको जानकारी सम्बन्धित कार्यालयले राष्ट्र ऋण व्यवस्थापन विभागलाई दिनुपर्नेछ ।

(च) दैनिक तरलता सुविधा सम्झौता अन्तर्गत धितो राखिएका सुरक्षणपत्रको संस्थाले समेत छुट्टै अभिलेख राख्नु पर्नेछ। राष्ट्र ऋण व्यवस्थापन विभागले आवश्यकताअनुसार त्यस्तो अभिलेख निरीक्षण गर्न सक्नेछ ।

## ५. धितो व्यवस्थापन खाताको मौज्दात तथा सुरक्षणपत्रहरुको रोक्कासम्बन्धी व्यवस्था

(क) दैनिक तरलता सुविधावापत धितोमा राखिएका सुरक्षणपत्रहरु सुविधा अवधिभर बैंकमा रोक्का रहनेछन् । रोक्का अवधिको निर्धारण चालु आर्थिक वर्ष ननाघ्ने गरी स्वयं संस्थाले गर्नु पर्नेछ ।

(ख) दैनिक तरलता सुविधावापत् धितोको रुपमा रहेका सुरक्षणपत्रहरु रोक्का अवधि समाप्त भए पछि वा संस्थाको अनुरोधमा सो खाताबाट रोक्का फुकुवा वा फिर्ता गर्न सकिनेछ र सोहीबमोजिम सुविधाको नयाँ सीमा कायम गरिने छ। सुरक्षणपत्र फुकुवा वा फिर्ता वा थप रोक्का गर्न संस्थाले अनुसूची-५ बमोजिमको निवेदन राष्ट्र ऋण व्यवस्थापन विभागमा/कार्यालयमा दिनुपर्नेछ ।

(ग) धितोको रुपमा राखिएका सुरक्षणपत्रहरु थपघट गर्ने निवेदन नपरेमा वा अन्य कुनै परिवर्तन/निर्णय नभएको खण्डमा वा सुविधा सीमाको रोक्का अवधि समाप्त नभएसम्म संस्थाको धितो व्यवस्थापन खातामा रहेको मौज्दात सीमा कायम रहिरहने छ ।

# परिच्छेद-४

# रकम सुविधा, शुल्क, शोधभर्ना तथा हर्जानासम्बन्धी व्यवस्था

## ६. रकम उपलब्ध तथा शोधभर्नासम्बन्धी व्यवस्था

(क) संस्थाले बैंकले तोकेबमोजिम कायम गर्नुपर्ने वैधानिक तरलता अनुपातबाट अनिवार्य नगद मौज्दात घटाई हुन आउने रकमको २५ प्रतिशतसम्म दैनिक तरलता सुविधा प्राप्त गर्नेछ । यस कार्यविधि बमोजिम एकपटक कायम भएको दैनिक तरलता सुविधा सीमा थपघट वा स्थगित हुने अवस्थामा बाहेक आर्थिक वर्षभर कायम रहने छ । हरेक आर्थिक वर्षको लागि संस्थाले अनुसूची-४ बमोजिमको निवेदन दिई पुनः आफ्नो नयाँ सीमा कायम गर्नुपर्नेछ ।

(ख) RTGS राफसाफ खातामा रकम मौज्दात रहेमा दैनिक तरलता सुविधावापत्को ऋण सापटी लिएको रकमको स्वतः शोधभर्ना हुनेछ ।

(ग) संस्थाको धितो व्यवस्थापन खाताबाट विभिन्न कारोबार समयमा उपयोग गरिएको रकम दैनिक कारोबार तालिका (Business Day Schedule) को ILF Returns समयावधिभित्र धितो व्यवस्थापन खातामा फिर्ता गरीसम्नुपर्नेछ । ILF Returns अवधि बैंकले जारी गरेको RTGS System Rules, 2019 बमोजिम हुनेछ ।

घ) संस्थाले सुविधा वापत उपयोग गरेको रकम तोकिएको समयभित्र फछ्र्यौट गर्न नसकेमा वुँदा नं. ७ र ८ बमोजिमको हर्जाना तथा कारबाहीका साथै बाँकी रकम फछ्र्यौट नभएसम्मका लागि दैनिक तरलता सुविधा उपयोगमा रोक लगाइने छ ।

## ७. हर्जाना तथा कारबाहीसम्बन्धी व्यवस्था

क) संस्थाले दैनिक तरलता सुविधावापत् उपयोग गरेको रकम तोकिएको ILF Returns समयभित्र फछ्र्यौट गर्न नसकेमा बाँकी रहेको ऋण सापटी रकममा बैंकदरको दोब्बर दरमा दैनिक हर्जाना तिर्नु पर्नेछ । यसरी कायम हुने हर्जाना रकम विभागबाट दैनिक रुपमा प्राप्त पत्रानुसार बैंकिङ्ग विभागले सम्बन्धित संस्थाको खाता खर्च गरी असुल गर्नेछ ।

(ख) संस्थाले दैनिक तरलता सुविधा वापतको बाँकी रहेको ऋण सापटी रकम फरफारकका लागि अतिरिक्त सुरक्षणपत्र धितो राखी बैंकबाट स्थायी तरलता सुविधा (SLF) लिन सक्नेछ र तत्पश्चात्का सम्पूर्ण विधि, प्रक्रिया र शर्तहरु प्रचलित स्थायी तरलता सुविधा (SLF) सम्बन्धी कार्यविधि बमोजिम हुनेछ ।

(ग) तोकिएको समय सीमाभित्र आफूले उपयोग गरेको सम्पूर्ण सुविधा रकम भुक्तानी नगर्ने संस्थाको नाममा बैंकमा रहेका कुनै पनि खाताको मौज्दातबाट बैंकले आफ्नो लेना रकम असुल गर्न सक्नेछ र बक्यौता रकम (तिर्न बाँकी सुविधा रकम र सो अवधिसम्मको हर्जाना ब्याज रकम समेत) पूर्णरुपमा फरफारक नभएसम्म सो संस्थाको धितो व्यवस्थापन खाता प्रचलित लेखा निर्देशिका तथा बैंकिङ्ग कार्य निर्देशिका बमोजिम रोक्का गरिनेछ ।

## ८. धितो सकारसम्बन्धी व्यवस्था

क) धितो व्यवस्थापन खाताबाट उपयोग गरी तोकिएको समय सीमाभित्र फिर्ता भुक्तानी नभएका रकम ( सुविधा रकम र सो अवधिसम्मको हर्जाना ब्याज रकमसमेत) सम्बन्धित संस्थाले ५ (पाँच) कार्यदिनभित्र फरफारक नगरेमा बैंकमा धितो स्वरुप रहेका सुरक्षणपत्र सकार गरी वा अन्य प्रक्रियाबाट राष्ट ऋण व्यवस्थापन विभागले सम्पूर्ण बक्यौता रकम असुलउपर गर्नेछ । यसरी धितो सकार गर्दा सम्पूर्ण बाँकी रकम (तिर्न बाँकी सुविधा रकम र सो अवधिसम्मको हर्जाना रकमसमेत) असुल हुनेगरी पहिले परिपक्व हुने सुरक्षण पत्रलाई प्राथमिकता दिइनेछ ।

# परिच्छेद-५

# विविध

## ९. तोकिएबमोजिम हुने

(क) दैनिक तरलता सुविधा उपयोग गर्न पाउने संस्था, धितो राख्नुपर्ने सुरक्षणपत्रहरु, सुविधावापत् धितो राख्नु पर्ने सुरक्षणपत्रको अधिकतम सीमा रकम, दैनिक तरलता सुविधा शुल्क तथा अन्य शर्तहरु बैंकले समय-समयमा तोकेबमोजिम हुनेछ ।

(ख) संस्थाले बैंकबाट "क", "ख" र "ग" वर्गका इजाजतपत्रप्राप्त संस्थालाई जारीएकीकृत निर्देशनमा तोकिएबमोजिमका फारम अनुसार अनिवार्य नगद मौज्दात र वैधानिक तरलता अनुपातको विवरण तयार गरी मासिक रुपमा राष्ट्र ऋण व्यवस्थापन विभागमा पठाउनु पर्नेछ ।

(ग) यो कार्यविधिमा कुनै द्विविधा वा अस्पष्टता भएमा वा कार्यविधिको कार्यान्वयनमा कुनै वाधा अड्काउ

आइपरेमा व्याख्या गर्ने वा बाधा अड्काउ फुकाउने अन्तिम अधिकार गभर्नरमा निहित हुनेछ ।

## १०. कारोबारको अख्तियारी

(क) यस कार्यविधि बमोजिम दैनिक तरलता सुविधा कार्यान्वयनका लागि जिम्मेवारी तोकिएका विभागहरुबाट हुने कारोबारको अख्तियारी सम्बन्धित विभागका विभागीय प्रमुखको हुनेछ ।

(ख) बुँदा नं. ८ बमोजिमको तोकिएको समय सीमाभित्र आफूले उपयोग गरेको सुविधा रकम फिर्ता गर्न नसक्ने संस्थाले धितो स्वरुप राखेको सुरक्षणपत्र सकार गर्ने निर्णयको अख्तियारी राष्ट्र ऋण व्यवस्थापन विभागलाई हुनेछ ।

**अनुसूची-१**

## दैनिक तरलता सुविधा उपयोग गर्ने आधिकारिक निवेदन

**(कार्यविधिको परिच्छेद २ बुँदा नं. ३(ख) को प्रयोजनका लागि)**

मितिः-

......../....../....

**नेपाल राष्ट्र बैंक**

भुक्तानी प्रणाली विभाग

काठमाण्डौ, नेपाल ।

**विषयः- दैनिक तरलता सुविधा उपयोग गर्ने सम्बन्धमा ।**

महाशय,

नेपाल राष्ट्र बैंक, दैनिक तरलता सुविधासम्बन्धी कार्यविधि, २०७६ (प्रथम संशोधन, २०७८)बमोजिम दैनिक तरलता सुविधा उपयोग गर्नका लागि आवश्यक व्यवस्था मिलाइदिनुहुन अनुरोध गर्दछौं । साथै, कार्यविधिका सबै शर्त तथा व्यवस्थाहरु पालना गर्नेछौं र कुनै पनि शर्तको पालना नगरेमा वा उल्लंघन गरेमा त्यहाँबाट हुने नियमानुसारको हर्जाना तथा अन्य कारबाहीको व्यवस्था मञ्जुर गर्दछौं ।

| **संस्थाको नाम :** | | |
|---|---|---|
| | **आधिकारिक दस्तखतहरु** | |
| दस्तखत | | |
| नाम | | |
| पद | | |
| कार्यालयको फोन नंः | | |
| मोबाइल नं. | | |

कार्यालयको छाप

## अनुसूची-२

# दैनिक तरलता सुविधा सम्झौता
**(कार्यविधिको परिच्छेद २ बुँदा नं. ३(ग) को प्रयोजनका लागि)**

**प्रस्तावना**

RTGS प्रणालीबाट हुने प्रत्येक कारोबार वास्तविक समयमा फछ्र्यौट गर्नुपर्ने भएकोले RTGS राफसाफ खाता (Settlement Account) मा मौज्दात अपुग भई भुक्तानीमा समस्या परेमा संस्थालाई भुक्तानी फछ्र्यौटमा आवश्यक पर्ने तरलता उपलब्ध गराउन नेपाल राष्ट्र बैंक र RTGS मा सहभागी दैनिक तरलता सुविधा माग गर्ने संस्थाबीच सम्झौता गर्नुपर्ने भएकोले दैनिक तरलता सुविधा उपयोग गर्नका लागि सम्झौतामा संलग्न पक्षहरुको अधिकार एवं कर्तव्यलाई निर्देशित गर्न देहायबमोजिमका शर्तहरु निर्धारण गरी नेपाल राष्ट्र बैंक ( यसपछि "प्रथम पक्ष" अथवा ऋणदाता भनिएको) र ...................... ......................................(यसपछि "द्वितीय पक्ष" अथवा ऋणको उपयोगकर्ता भनिएको) बीच यो दैनिक तरलता सुविधा सम्झौता गरिएको छ।

**शर्तहरु**

**१. कारोबार**

(क) दैनिक तरलता सुविधा सम्झौता अन्तर्गतको कारोबार भुक्तानी फछ्र्यौटका लागि "द्वितीय पक्ष" को आवश्यकताको आधारमा हुनेछ।

(ख) द्वितीय पक्षलाई भुक्तानी फछ्र्यौटका लागि तत्काल आवश्यक पर्ने तरलता प्रदान गर्न दैनिक तरलता सुविधा सम्झौता गरिएको छ।

(ग) दैनिक तरलता सुविधा सम्झौता अनुसारको ऋणसापटी तोकिएका सुरक्षणपत्रको धितोमा निर्धारित समयावधि र व्यवस्थाबमोजिम प्रदान गरिनेछ।

(घ) बैंकले तोकेबमोजिम कायम गर्नुपर्ने वैधानिक तरलता अनुपातबाट अनिवार्य नगद मौज्दात घटाई हुन आउने रकमको २५ प्रतिशतसम्म दैनिक तरलता सुविधा प्रदान गरिनेछ।

(ङ) RTGS प्रणालीको कारोबार बन्द हुँदा द्वितीय पक्षले उपयोग गरेको ऋणसापटी फिर्ता गरी हिसाव राफसाफ गर्नु पर्नेछ। यस्तो रकम द्वितीय पक्षको यस बैंकस्थित RTGS Settlement Account बाट धितो व्यवस्थापन खाता (Collateral Management Account) मा स्वतः स्थानान्तरण हुनेछ।

**२. ग्राह्य सुरक्षण पत्र**

(क) नेपाल सरकारद्वारा निष्काशित सुरक्षणपत्र, बैंकबाट निष्काशित नेपाल राष्ट्र बैंक ऋणपत्र तथा बैंकले समय समयमा तोकिदिएका अन्य सुरक्षणपत्रहरु दैनिक तरलता सुविधा प्रयोजनका लागि ग्राह्य सुरक्षण पत्र मानिनेछ।

(ख) यस सम्झौताअन्तर्गत ऋणसापटी कारोबार गर्न धितो राखिने ग्राह्य सुरक्षणपत्रको परिपक्व हुने अवधि ( भुक्तानी अवधि) यो सुविधाका लागि तोकिएको रोक्का अवधिभन्दा अगाडि हुनेछैन।

## ३. धितो

(क) द्वितीय पक्षले दैनिक तरलता सुविधा उपयोग गर्न तोकिएबमोजिमका ग्राह्य सुरक्षणपत्र धितो राख्नुपर्नेछ । तोकिएको सीमा ननाघ्ने गरी धितो राखिएका सुरक्षणपत्रको मूल्यको अधिकतम ९० प्रतिशतले हुने सुविधा रकम उपयोग गर्न सक्नेछ ।

(ख) धितो राखिएको सुरक्षणपत्र प्रथम पक्षको सहमतिमा परिवर्तन वा थपघट समेत गर्न सकिनेछ । सोही आधारमा दैनिक तरलता सुविधाको नयाँ सीमा कायम हुनेछ ।

(ग) यो सुविधा वापत धितोको रुपमा राखिएको सुरक्षणपत्रहरु यस कार्यविधिबमोजिम रोक्का फुकुवा भए बाहेक सुविधाको अवधिभर द्वितीय पक्षले बिक्री गर्न वा अन्य कुनै पनि प्रयोजनमा दोहोरो धितो सुरक्षण राख्न पाइने छैन ।

(घ) धितोस्वरुप रहने सुरक्षणपत्र एकमुष्ट वा खण्डित वा दुवै हुन सक्नेछ ।

(ङ) यस सम्झौताअन्तर्गत ऋणसापटी कारोबारको लागि प्रयोगमा आउने धितोको अभिलेख ऋणीले छुट्टै राख्नु पर्नेछ । यस सम्झौताअन्तर्गत धितोको हक कायम भएका सुरक्षणपत्र ऋणदाताको स्वामित्वमा रहेका अन्य सुरक्षणपत्रहरु भन्दा भिन्न किसिमले पहिचान गर्न तदनुरुपको अभिलेख व्यवस्था कायम गर्नु पर्नेछ ।

## ४. भुक्तानी तथा हस्तान्तरण

यस सम्झौताअन्तर्गत प्रथम र द्वितीय पक्षबीच गरिने सुरक्षण पत्र तथा नगदको हस्तान्तरणसम्बन्धी कार्य निर्धारित प्रक्रिया पूरा गरी तत्काल गर्नु पर्नेछ ।

## ५. प्रतिनिधित्व

यस सम्झौताअन्तर्गत हुने ऋणसापटी कारोबारसम्बन्धी कार्यान्वयनलगायत भुक्तानी तथा हस्तान्तरणसम्बन्धी कार्यहरु सम्पादन गर्नको लागि दुवै पक्षको तर्फबाट अधिकार प्राप्त व्यक्तिले हस्ताक्षर गर्नु पर्नेछ ।

## ६. दायित्व निर्वाह गर्न असमर्थताको अवस्था र सोसम्बन्धी व्यवस्था

(क) भुक्तानीको निर्धारित समयावधि भित्र दैनिक तरलता सुविधा वापतको ऋणसापटी फिर्ता गर्न असमर्थ भएमा वा प्रचलित दैनिक तरलता सुविधा सम्बन्धी कार्यविधि तथा सम्झौतामा उल्लेखित शर्तको पालना नगरेमा द्वितीय पक्षले दायित्व निर्वाह गर्न असमर्थ भएको मानिने छ ।

(ख) सम्बन्धित पक्षले दायित्व निर्वाह गर्न असमर्थ भएको अवस्थामा देहायबमोजिम हुनेछ :

अ) संस्थाले दैनिक तरलता सुविधावापत् उपयोग गरेको ऋण सापटी RTGS System Rules, 2019 मा तोकिएको ILF Returns समयभित्र फछ्र्यौट गर्न नसकेमा उपयोग भएको ऋणसापटी वापतको बाँकी रकममा बैंकदरको दोब्बर दरमा दैनिक हर्जाना तिर्नु पर्नेछ ।

आ) तोकिएको समय सीमाभित्र फिर्ता भुक्तानी नभएका सुविधा रकम (तिर्न बाँकी सुविधा रकम र

सो अवधिसम्मको हर्जाना ब्याज रकम समेत) स्थायी तरलता सुविधा (SLF) लिई वा अन्य तरिकाबाट ५ (पाँच) दिनभित्र (अन्तिम दिन विदा परेमा तत्पश्चात कार्यालय खुलेको दिन) द्वितीय पक्षले राफसाफ नगरेमा धितो स्वरुप रहेका सुरक्षणपत्र सकार गरी वा अन्य प्रक्रियाबाट बैंकले सम्पूर्ण बक्यौता रकम असुलउपर गर्नेछ। यसरी धितो सकार गर्दा सम्पूर्ण बाँकी रकम ( तिर्न बाँकी सुविधा रकम र सो अवधिसम्मको हर्जाना रकम समेत) असुल हुनेगरी पहिले परिपक्व हुने सुरक्षण पत्रलाई प्राथमिकता दिइनेछ।

इ) कुनै कारणवश ऋणी दामासाहीमा परेमा कारोबार माथिको ऋणदाताको अग्राधिकार दावी ( सुरक्षणपत्र हस्तान्तरण) कायमै रहनेछ।

ई) तोकिएको समय सीमाभित्र आफूले उपयोग गरेको सम्पूर्ण सुविधा रकम भुक्तानी नगर्ने संस्थाको नाममा बैंकमा रहेका कूनै पनि खाताको मौज्दातबाट बैंकले आफ्नो बक्यौता रकम असुल गर्न सक्नेछ र बक्यौता रकम (तिर्न बाँकी सुविधा रकम र सो अवधिसम्मको हर्जाना ब्याज रकम समेत) पूर्णरुपमा फरफारक नभएसम्म सो संस्थाको धितो व्यवस्थापन खाता प्रचलित लेखा निर्देशिका तथा बैंकिङ्ग कार्य निर्देशिका बमोजिम रोक्का गरिनेछ।

## ७. विविध

(क) यो सम्झौता “प्रथम पक्ष” र “द्वितीय पक्ष” ले हस्ताक्षर गरेको मितिदेखि लागू हुनेछ।

(ख) “प्रथम पक्ष” ले यो सम्झौतामा संशोधन, परिमार्जन वा थपघट गर्नुपरेमा वा सम्झौता नै भंग गर्नुपरेमा द्वितीय पक्षलाई जानकारी गराई गर्न सक्नेछ।

(ग) यो सम्झौतामा जुनसुकै कुरा लेखिएको भएतापनि नेपाल राष्ट्र बैंक ऐन, २०५८, राष्ट्र ऋण ऐन, २०५९, राष्ट्र ऋण नियमावली, २०५९, अन्य प्रचलित नेपाल कानून र नेपाल राष्ट्र बैंकको मौद्रिक नीति, निर्देशन तथा व्यवस्थासँग बाझिएको हदसम्म अमान्य हुनेछ।

(घ) यस सम्झौताको कार्यान्वयनसँग सम्बन्धित सम्पूर्ण कार्यहरु (खाता खर्च/जम्मा आदि) यस सम्झौताका पूरक कार्यको रुपमा रहने छन्।

| **नेपाल राष्ट्र बैंकको तर्फबाट आधिकारिक प्रतिनिधि** | **... ... ... ... . को तर्फबाट आधिकारिक प्रतिनिधि** |
|---|---|
| दस्तखतः | दस्तखतः |
| नामः | नामः |
| पदः | पदः |
| विभागः | विभाग/फाँटः |
| बैंकको छापः | संस्थाको छापः |
| साक्षीः | साक्षी |
| दस्तखतः | दस्तखतः |
| नामः | नामः |
| पदः | पदः |
| विभागः | विभाग/फाँटः |

इति सम्वत २०...... साल ...... महिना ... गते रोज ... शुभम् ...........................................।

## अनुसूची-३

## धितो व्यवस्थापन खाता खोल्ने निवेदन
**(कार्यविधिको परिच्छेद २ बुँदा नं. ३(घ) को प्रयोजनका लागि)**

मितिः-

......../....../....

**नेपाल राष्ट्र बैंक**
बैंकिङ्ग विभाग
काठमाण्डौ, नेपाल ।

**विषयः- धितो व्यवस्थापन खाता खोल्ने निवेदन सम्बन्धमा ।**

महाशय,

नेपाल राष्ट्र बैंक, दैनिक तरलता सुविधासम्बन्धी कार्यविधि, २०७६ (प्रथम संशोधन, २०७८)बमोजिम दैनिक तरलता सुविधा उपयोग गर्नका लागि धितो व्यवस्थापन खाता (Collateral Management Account) खोल्ने व्यवस्था गरिदिनु हुन अनुरोध गर्दछौं । साथै, दैनिक तरलता सुविधा वापतको ऋण सापटी तोकिएको समयमा चुक्ता गर्न असमर्थ भएमा वा अन्य शर्त पालना नगरेमा बैंकबाट हुने नियमानुसारको हर्जाना तथा अन्य कारबाही मञ्जुर गर्दछौं ।

| **संस्थाको नाम :** | | |
|---|---|---|
| | **खाता सञ्चालकहरु** | |
| दस्तखत | | |
| नाम | | |
| पद | | |
| कार्यालयको फोन नंः | | |
| मोबाइल नंः | | |

भवदीय,

कार्यालयको छाप (अधिकृत) (अधिकृत)

**अनुसूची-४**

# दैनिक तरलता सुविधाको अधिकतम सीमा कायम तथा सुरक्षण पत्रहरु धितो राख्ने सम्बन्धमा ।

**(कार्यविधिको परिच्छेद २ बुँदा नं. ३(च) को प्रयोजनका लागि)**

मितिः-

......../....../......

**नेपाल राष्ट्र बैंक**
राष्ट्र ऋण व्यवस्थापन विभाग
काठमाण्डौ, नेपाल ।

**विषयः- दैनिक तरलता सुविधाको अधिकतम सीमा कायम तथा सुरक्षण पत्रहरु धितो राख्ने सम्बन्धमा ।**

महाशय,

यस ..........................................................को स्वामित्वमा रहेको निम्न विवरणको सुरक्षण पत्र धितोको रुपमा यसै निवेदन साथ पेश गरेका छौ । उक्त सुरक्षण पत्रहरु धितो राखी दैनिक तरलता सुविधासम्बन्धी कार्यविधि, २०७६ (प्रथम संशोधन, २०७८) अनुरुप ..................... सम्मका लागि दैनिक तरलता सुविधा वापतको ऋण सापटी रकम सीमा सुविधा उपलब्ध गराईदिनु हुन अनुरोध गर्दछौं । साथै, दैनिक तरलता सुविधा वापतको ऋण सापटी तोकिएको समयमा चुक्ता गर्न असमर्थ भएमा वा अन्य व्यवस्था तथा शर्त पालना नगरेमा नियमानुसारको हर्जाना तिर्न तथा धितो स्वरुप राखिएका सुरक्षण पत्रहरु बैंकबाट सकार गरिएमा मञ्जुर गर्दछौं ।

**तालिका : धितो राखिएका ऋणपत्रहरुको विवरण** (रकम रु. करोडमा)

| सि.नं. | सुरक्षण पत्रको किसिम | सिरिज नं. | क्रम संख्या | भुक्तानी मिति | सुरक्षण पत्रको अंकित मूल्य |
|---|---|---|---|---|---|
| १. | | | | | |
| २. | | | | | |
| ३. | | | | | |
| ४. | | | | | |
| ५. | | | | | |
| ६. | | | | | |
| ७. | | | | | |
| ८. | | | | | |
| धितो राखिएका ऋणपत्रहरुको कुल अंकित मूल्य (१०० प्रतिशत) | | | | | |
| सुविधा वापत पाइने रकमको अधिकतम सीमा (९० प्रतिशत) | | | | | |

भवदीय,

कार्यालयको छाप

(अधिकृत)

(अधिकृत)

**अनुसूची-५**

# सुरक्षण पत्र फुकुवा/फिर्ता/थप रोक्कासम्बन्धी

**(कार्यविधिको परिच्छेद ३ बुँदा नं. ५(ख) को प्रयोजनका लागि)**

मितिः ......../....../......

नेपाल राष्ट्र बैंक
राष्ट्र ऋण व्यवस्थापन विभाग
काठमाण्डौ, नेपाल ।

**विषयः सुरक्षण पत्र फुकुवा/फिर्ता/थप रोक्का सम्बन्धमा।**

महाशय,

त्यस बैंकबाट प्रदान गरिने दैनिक तरलता सुविधाका लागि पेश भएका यस संस्थाका देहायको विवरण सहितका सुरक्षण पत्रहरु फुकुवा गरी फिर्ता पाउन वा थप रोक्का गरी नयाँ सीमा कायम गर्न अनुरोध गर्दछौं । साथै, धितो व्यवस्थापन खाता (Collateral Management Account) मा रोक्का रहेका सुरक्षण पत्रहरु रोक्का फुकुवा वा थप रोक्का पश्चात् कायम रहने धितो विवरण तथा सुविधा सीमा समेत निम्नानुसार हुने व्यहोरा समेत अनुरोध गर्दछौं ।

**तालिकाः फुकुवा/फिर्ता/थप रोक्का हुने सुरक्षण पत्रको विवरण**

| **संस्थाको नाम :** | | | | | |
|---|---|---|---|---|---|
| **सि.नं.** | **सुरक्षण पत्रको किसिम** | **सिरिज नं.** | **क्रम संख्या** | **भुक्तानी मिति** | **सुरक्षणपत्रको अंकित मूल्य** |
| १. | | | | | |
| २. | | | | | |
| ३. | | | | | |
| ४. | | | | | |
| ५. | | | | | |

**नयाँ कायम हुने धितो सुरक्षण पत्र र सुविधा सीमा** (रकम रु. करोडमा)

| **सि.नं.** | **सुरक्षण पत्रको किसिम** | **सिरिज नं.** | **क्रम संख्या** | **भुक्तानी मिति** | **सुरक्षण पत्रको अंकित मूल्य** |
|---|---|---|---|---|---|
| १. | | | | | |
| २. | | | | | |
| ३. | | | | | |
| ४. | | | | | |
| ५. | | | | | |
| धितो राखिएका ऋणपत्रहरुको कुल अंकित मूल्य (१०० प्रतिशत) | | | | | |
| सुविधा वापत मार्फत पाइने रकमको अधिकतम सीमा (९० प्रतिशत) | | | | | |

भवदीय,

कार्यालयको छाप (अधिकृत) (अधिकृत)